# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, मंसिर ७ गते २०६१ साल (संख्या ३१

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी कालीगण्डकी "ए" जलविद्युत परियोजना सम्पन्न भएपश्चात फिर्ता लैजाने गरी सोको ठेकेदार इम्प्रिजिलो एस्. पी.ए. ले झिकाएका देहायबमोजिमका छ थान ट्रकहरू शाही नेपाली सेनाको नाममा नामसारी दर्ता गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | सामानको विवरण | परिमाण |
|---|---|---|
| १. | Mercedes Benz Garbage Truck | १ थान |
| २. | Nissan Crane Truck 4 Ton | २ थान |
| ३. | Mercedes Benz Truck | ३ थान |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९६३

## सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषदसँग आबद्ध नेपाल रेडक्रस सोसाइटीका लागि प्लान नेपालको आर्थिक सहयोगमा सञ्चालित बाढीपहिरो कार्यक्रमका लागि उपहारस्वरूप प्राप्त हुने भा. रू. ६,२१,२९५।- मूल्य बराबरको त्रिपाललगायत भाँडाकुँडाहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई अरू भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुटदिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी रूपन्देही जिल्लास्थित श्री बहिरा बाल विद्यालयले विद्यार्थीहरूलाई ओसारपसार गराउन बस खरिद गर्दा ५० प्रतिशत भन्सार महसुल छुट तथा अन्तःशुल्क पूरै छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था Medecins Sans Frontiers का लागि Medicins Sans Frontiers, France को सहयोगमा सञ्चालित रुकुम अस्पतालको लागि उपहार स्वरूप प्राप्त हुने युरो २१,५८२।६६ मूल्यबराबरको कुल २२९७ कि.ग्रा. स्वास्थ्य उपचारसम्बन्धी सामग्रीहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिबृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी धरान नगरपालिका वडा नं. ६ भानुचोकमा निर्माणाधीन घण्टाघरको लागि भा. रू. २,१६,०००।– मूल्यबराबरको Italia Glass Mosaic ४५०० वर्गफिट खरिद गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी कर महसुल छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

958

# भाग ४

## भूलसुधार

खण्ड ५४, अतिरिक्ताङ्क १५क मिति २०६१।४।१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ को नियम १ मा "मूल्य अभिवृद्धि कर (पाँचौं संशोधन) नियमावली, २०६१" हुनुपर्नेमा अन्यथा भएकाले भूलसुधार गरिएको छ।

अर्थ मन्त्रालय



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९८६